कालिका पावर कम्पनी लिमिटेड
KALIKA POWER COMPANY LIMITED

च.नं.- ०७५।७६-१६०

मिति: २०७५।११।१६

श्रीमान् प्रमुखज्यू
नेपाल स्टक एक्स्चेन्ज लि.,
सिंहदरबार प्लाजा, काठमाडौं ।

नेपाल स्टक एक्सचेन्ज लि.
दर्ता नं.: ४८८३
मिति: ११।१६

**विषय: एघारौं बार्षिक साधारण सभा बस्ने बारेको सूचना प्रकाशित गर्ने सम्बन्धमा ।**

महोदय,

उपरोक्त सम्बन्धमा यस कालिका पावर कम्पनि लिमिटेडको ११ औं बार्षिक साधारण सभा बस्ने बारेको सूचना नेपाली राष्ट्रिय दैनिक पत्रिका नेपाल समाचार पत्रमा मिति २०७५।११।१७ गते प्रकाशित गर्ने व्यहोरा यहाँलाई जानकारीका लागि अनुरोध गर्दछु । साथै प्रकाशित गरिने सूचनाको नमूना र आ.व. २०७४।७५ को लेखा परिक्षण प्रतिवेदन यसै पत्रसाथ संलग्न गरिएको व्यहोरा समेत अनुरोध गर्दछु ।

भवदिय,

पदम गुरुङ्ग
संचालक

P.O.Box: 21534, Kalika Tower, Baluwatar, Kathmandu, Nepal
Tel.: 977-1-4439152, 4439153, 4439154, Fax: 977-1-4439155, Email: info@kalikagroup.com

# कालिका पावर कम्पनी लिमिटेड
# Kalika Power Company Limited

**रजिष्टर्ड कार्यालयः**
भरतपुर म.पा. वडा नं. १०, भरतपुर, चितवन, फोनः ०५६-५२०४५६/५२२४४०, फ्याक्सः ९७७-५६-२००५६
**कर्पोरेट कार्यालयः**
का.म.पा.-०४, बालुवाटार, काठमाण्डौ, फोनः ०१-४४३९१५२/१५३/१५४, फ्याक्सः ९७७-१-४४३९१५५
Email: info@kalikagroup.com, www.kalikagroup.com

## एघारौं वार्षिक साधारण सभा बस्ने बारेको सूचना

**श्री आदरणीय शेयरधनीमहानुभावहरु,**

यस कम्पनीको सञ्चालक समितिको मिति २०७५।११।१५ गते बसेको बैठकको निर्णयानुसार यस कम्पनीको एघारौं वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा देहायका प्रस्तावहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ बमोजिम उक्त सभामा शेयरधनी महानुभावको उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछु ।

**सभाहुने मिति** : २०७५ साल चैत्र महिना ८ गते शुक्रबार ।
**सभा शुरु हुने समय** : बिहान ११:०० बजे ।
**सभाहुने स्थान** : कम्पनीको रजिष्टर्ड कार्यालय, भरतपुर म.पा. वडा नं. १०, भरतपुर, चितवन ।

**छलफल गरिने प्रस्ताव (एजेण्डाहरु):**

१. संचालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु हुने बार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।
२. लेखापरिक्षकको प्रतिवेदन सहितको आ.व. २०७४/७५ को वासलात, नाफा नोक्सान हिसाव र नगद प्रवाहको विवरण लगायत वित्तिय विवरणहरु उपर छलफल गरी स्वीकृत गर्ने ।
३. आ.व. २०७५/७६ को लेखापरिक्षण कार्यको लागि लेखापरिक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।
४. सर्वसाधारण समूहबाट २ जना र स्वतन्त्रबाट १ जना संचालकहरु निर्वाचन गरि नियुक्त गर्ने ।
५. विविध विषयमा छलफल ।

सञ्चालक समितिको आज्ञाले,
**कम्पनी सचिव**

**बार्षिक साधारणसभा सम्बन्धी अन्य जानकारीहरु :**

१. साधारण सभा प्रयोजनको लागि मिति २०७५/११/२७ गते देखि २०७५।११।३० गते सम्म यस कम्पनीको शेयरधनी दर्ता किताव बन्द हुनेछ । नेपालस्टक लिमिटेडमा मिति २०७५।११।२६ गतेसम्म कारोबार भई सो मितिबाट ५ दिन भित्र यस कम्पनीको शेयर रजिष्ट्रार ग्लोबल आइएमई क्यापीटल लिमिटेड, जमल, काठमाडौंबाट प्राप्त शेयर नामसारी लिखतको आधारमा शेयरधनी दर्ता किताबमा कायम शेयरधनीहरुले मात्र सो सभामा भाग लिन योग्य हुनेछन् ।
२. शेयरधनी महानुभावहरुको सुविधाको लागि हाजिर पुस्तिका सभास्थलमा सभा हुने दिन बिहान १०:०० बजेदेखि सभा संचालन रहेसम्म खुल्ला रहनेछ ।
३. साधारण सभामा उपस्थित हुने शेयरधनीहरुले अनिवार्य रुपमा बार्षिक पुस्तिकामा संलग्न भएको प्रवेश पत्र वा आफ्नो शेयर प्रमाणपत्र वा आफ्नो परिचय स्पष्ट खुल्ने किसिमको फोटोसहितको प्रमाणपत्र साथमा लिई सभामा भाग लिनुहुन अनुरोध छ ।
४. कम्पनी ऐन २०६३ को दफा ८४ अनुसारको बार्षिक आर्थिक विवरण संचालकको प्रतिवेदन र लेखा परिक्षकको प्रतिवेदन कम्पनीको रजिष्टर्ड कार्यालय तथा कम्पनीको वेभसाइट kalikagroup.comबाट प्राप्त गर्न सकिनेछ ।
५. सभामा भागलिन प्रतिनिधि नियुक्त गर्न चाहने शेयरधनी महानुभावहरुले सभा सुरु हुने समय भन्दा कम्तीमा ४८ घण्टा अगावै यस कम्पनीको रजिष्टर्ड कार्यालय भरतपुर-१०, चितवन वा कम्पनीको कर्पोरेट कार्यालय कालिका टावर बालुवाटार काठमाडौंमा प्रोक्सी फाराम दर्ता गरिसक्नु पर्नेछ । यसरी प्रतिनिधि प्रोक्सी नियुक्त गरिएको व्यक्ति कम्पनीको शेयरधनी समेत हुनुपर्नेछ । प्रोक्सी फारामको ढाँचा कम्पनीको वेभसाइट kalikagroup.com बाट डाउनलोड गर्न सकिनेछ ।
६. संरक्षक रहनुभएका शेयरधनी महानुभावहरुका तर्फबाट कम्पनीको शेयरलगत किताबमा संरक्षकको रुपमा नाम दर्ता भएको व्यक्तिले सभामा भाग लिन वा प्रतिनिधि तोक्न पाउनेछन् ।
७. संयुक्त रुपमा शेयर खरिद गरिएको अवस्थामा शेयर लगत कित्तामा पहिलो नाम उल्लेख भएको व्यक्ति वा सर्वसम्मतबाट प्रतिनिधि नियुक्तगरिएको एक व्यक्तिले मात्रै सभामा भाग लिन पाउनेछन् ।
८. शान्ति सुरक्षाका कारण साधारणसभामा उपस्थित हुने शेयरधनी महानुभावहरुलाई यथाशक्य झोला, ब्याग आदि नल्याउनु हुन अनुरोध छ । सभाको सुरक्षाको लागि खटिएका सुरक्षाकर्मीहरुले सुरक्षा जाँच गर्न सक्ने हुँदा कार्यमा सहयोग गरि दिनुहुन समेत अनुरोध गरिन्छ ।
९. कम्पनीको नियमावली अनुसार संचालक पदमा नियुक्ति हुनको लागि कुनै पनि शेयरधनीले आफ्नो नाममा कम्तीमा १०० (एक सय) कित्ता शेयर लिएको हुनुपर्नेछ । तर स्वतन्त्र संचालक र संगठित संस्थाको प्रतिनिधित्व गर्ने संचालकको हकमा यो व्यवस्था लागू हुने छैन ।
१०. अन्य कुनै जानकारीको लागि कम्पनीको रजिष्टर्ड कार्यालय भरतपुर-१०, चितवन वा कम्पनीको कर्पोरेट कार्यालय कालिका टावर बालुवाटार काठमाडौंमा सम्पर्क गर्नुहुन अनुरोध छ ।